# फरवार्ड सन्देश

त्रैमासिक बुलेटिन २०७९ बैशाख-असार वर्ष १६ अङ्क १

## फरवार्डको नवौं वार्षिकोत्सव सम्पन्न




फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको नवौं वार्षिकोत्सव कार्यक्रम दुहबी,सुनसरीमा २०७९ जेठ १३ गते सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा वित्तीय संस्थाका निवर्तमान प्रमुख कार्यकारी अधिकृत तथा गढी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष आशनारायण चौधरीले प्रमुख अतिथिको आसनबाट बोल्दै २०६९ साल जेठ ३ गतेबाट औपचारिक रुपमा सञ्चालनमा आएको यस वित्तीय संस्थाले १० वर्षमा माइक्रोफाइनान्सलाई नेपालकै उत्कृष्ट माइक्रोफाइनान्सको रुपमा स्थापित भएको बताउनुभएको थियो । उहाँले यस प्रगतिको श्रेय सञ्चालक, संस्थापक शेयरधनी, कर्मचारी तथा ग्राहक सदस्यलाई दिनुभयो । उक्त कार्यक्रममा फरवार्ड माइक्रोफाइनान्सको स्थापना कालदेखि प्रमुख कार्यकारी अधिकृत रहेका चौधरीले संस्थाको श्रीबृद्धिमा पुर्याएको योगदानको कदर गर्दै बिदाई तथा सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष भगवती चौधरीले फरवार्ड माइक्रोफाइनान्सको पोर्टपोलियो बलियो हुनुमा सञ्चालक, कर्मचारी तथा लघुवित्तसँग आबद्ध सबैको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको थियो । फरवार्ड माइक्रोफाइनान्स स्थापना हुनु अगाडि नै ग्रामीण महिला उत्सुकता विकास मञ्चमार्फत् गाउँगाउँमा वित्तीय साक्षरता, महिला सशक्तीकरणका अभियान सञ्चालन गरेकाले दरिलो संस्था तयार भएको बताउनुभएको थियो । उहाँले लघुवित्त कार्यक्रममार्फत् ग्रामीण अर्थतन्त्रलाई सवल बनाउन तथा महिलाहरुलाई आर्थिक क्षेत्रमा जोड्ने काम माइक्रोफाइनान्सले गर्दै आएको जनाउनुभयो । कुनैपनि सदस्यले कर्जाको सही सदुपयोग गरेको खण्डमा संस्था सवल बन्ने चर्चा गर्दै ऋणको सदुपयोग भए ऋणीलाई मात्र नभई ऋण प्रदायकलाई पनि फाइदा पुग्ने बताउनुभयो । स्वागत मन्तव्यका क्रममा वित्तीय संस्थाका का.मु. प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद भट्टराईले विपन्न महिलाको आर्थिक सशक्तीकरणको अभियानमा केन्द्रित रहेर लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आइरहेको फरवार्डको वित्तीय परिसूचकका आधारमा यो वित्तीय संस्था नेपालकै उत्कृष्ट तीनमा पर्न सफल भएको बताउनुभएको थियो ।

एभरेष्ट बैंकको तर्फबाट फरवार्डको सञ्चालक समितिमा प्रतिनिधित्व गरेका केशबराज पौडेलले फरवार्डको वित्तीय परिसूचक अत्यन्त राम्रो हुनुमा व्यवस्थापन पक्ष सवल रहेको बताउनुभएको थियो । फरवार्डले ल्याउने कृषि सम्बन्धी जुनसुकै कार्यक्रममा बैंकले सहकार्य गर्ने जनाउँदै ग्रामीण अर्थतन्त्रलाई मजवुत बनाउन माइक्रोफाइनान्सहरुको ठूलो देन रहेको चर्चा गर्नुभएको थियो । निवर्तमान सञ्चालक सदस्य सत्यनारायण चौधरीले फरवार्डले ग्रामिण भेकमा उत्पादनशील क्षेत्रमा लगानी गरेर धेरै स्वरोजगार सिर्जना गरेको बताउनुभयो । कृषि, लघु उद्योग, महिला सीप प्रवर्द्धनमा गरेको लगानी प्रभावकारी भएको चर्चा गर्दै चौधरीले राष्ट्रलाई उद्यमी बनाउने सवालमा लघुवित्त संस्थाको योगदान महत्वपूर्ण रहेको प्रस्ट पार्नुभयो । सञ्चालक सदस्य बलराम चौधरीले शताब्दीसम्म वित्तीय संस्था बाँचिरहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

अर्का सञ्चालक सदस्य जगतजंग जिसीले संस्था बलियो बन्न मितव्ययितता अपरिहार्य भएको बताउँदै त्यसको उदाहरण फरवार्ड माइक्रोफाइनान्समा रहेको बताउनुभयो । फरवार्डका सञ्चालक, कर्मचारी

र प्रशासन मितव्ययी रहेकै कारण लगानीकर्ताहरुले समुचित प्रतिफल पाउन सकेको प्रस्ट पार्नुभयो । फरवार्डको नवौं वार्षिकोत्सवको अवसरमा महिला स्वास्थ्यकर्मी र सञ्चारकर्मीलाई सम्मान गरिएको थियो । संस्थाको सामाजिक उत्तरदायित्व अन्तरगत गढी गाउँपालिकाकी महिला स्वास्थ्य स्वयं सेविका सुमित्रा चौधरी तथा सञ्चारकर्मी केशब सापकोटालाई सम्मान गरिएको थियो ।

## शाखा, केन्द्र कर्मचारी तथा लघुउद्यमी ग्राहक सदस्य पुरस्कृत




फरवार्डको नवौं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा वित्तीय संस्थामा आबद्ध उत्कृष्ट ग्राहकहरुमध्ये लघुउद्यमी तर्फ ११ जनालाई विषयगत सामग्री खरिद गर्न जनही ११ हजार नगद रकम उपलब्ध गराइएको थियो । सोही अवसरमा वार्षिक शाखा मूल्याङ्कनका आधारमा ६ शाखा कार्यालयलाई पुरस्कृत गरिएको थियो । जसअन्तर्गत् भाखा नाघेको कर्जा व्यवस्थापनतर्फ औरावनी शाखा सुनसरी, कर्जा लगानी व्यवस्थापनतर्फ हात्तिमुडा शाखा मोरङ, सम्पूर्ण लक्ष्यप्राप्तितर्फ तेतरिया मोरङ, नाफा व्यवस्थापनतर्फ गौशाला शाखा महोत्तरी, सदस्यवृद्धितर्फ बोगटी शाखा कपिलवस्तु तथा बचत व्यवस्थापनतर्फ धनगढी शाखा कैलालीलाई पुरस्कृत गरिएको थियो । वित्तीय संस्थाका विभिन्न शाखा कार्यालय अन्तर्गत समग्र मूल्याङ्नका आधारमा प्रत्येक शाखा कार्यालयअन्तर्गतका उत्कृष्ट केन्द्रहरुलाई ७ लाख ३२ हजार नगद पुरस्कार समेत वितरण गरिएको थियो ।

वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुमध्ये कार्य सम्पादनका आधारमा उत्कृष्ट ५३ जना कर्मचारीहरुलाई उक्त कार्यक्रममा सम्मानसहित पुरस्कृत गरिएको थियो । पुरस्कृत कर्मचारीहरुमध्ये अफिसर १, सहायक अधिकृत १, वरिष्ठ सहायक ४ सहायक १०, कनिष्ठ सहायक २६, रनर ११, ड्राइभर १ छन् । पुरस्कृत कर्मचारीहरुको तर्फबाट सावित्री तामाङ तथा राधाकुमारी खाँले कर्मचारीहरुको कार्यसम्पादनका आधारमा वित्तीय संस्थाले पुरस्कार प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभएको थियो ।

## फरवार्डबाट वृक्षरोपण कार्यक्रम

फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्थाले प्रत्येक वर्ष असार १२ गते वृक्षरोपण गर्ने गरेको छ । उक्त दिन फरवार्डको परिकल्पनाकार तथा संस्थापक निर्देशक स्व.दिनेश चौधरीको स्मृति दिवस पनि हो । यस पटक पनि असार १२ गते फरवार्डको केन्द्रीय कार्यालयदेखि शाखा कार्यालयसम्मका सम्पूर्ण कर्मचारीहरुको सक्रियतामा देशव्यापी वृक्षरोपण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यमा समाजका प्रतिष्ठित व्यक्तिहरुको समेत उल्लेख्य सहभागिता रहेको थियो ।






## शाखा परिचय : फरवार्ड मनहरी शाखा, मकवानपुर



फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय मनहरी, बागमती प्रदेशको मकवानपुरको मनोहरी गाउँपालिका वार्ड नं.७ मा स्वास्थ्यचौकी नजिक रहेको छ । यस शाखाको कार्यक्षेत्र मनहरी गा.पा , राक्सिराङ्ग गा.पा , कैलाश गा.पा , राप्ति नगरपालिका , हैटौडा महानगरपालिकासम्म फैलिएको छ । यस शाखा कार्यालयका प्रमुख गोबिन्द वि.क. हुनुहुन्छ । अन्य कर्मचारीहरुमा सहायक वर्षा गुरुङ, कनिष्ठ सहायक माधव प्रसाद चौधरी र खुशबती कुमारी चौधरी हुनुहुन्छ । कार्यालय सहयोगीका रुपमा निमा रुम्बा कार्यरत हुनुहुन्छ ।

२०७९ असार मसान्तसम्म १ सय ७ केन्द्रका १ हजार ६ सय ८९ सदस्यहरुसंग लघुवित्त कारोवार गर्दै आइरहेको छ । तीमध्ये ८ सय ४४ ऋणी सदस्यहरुलाई बिना धितो सानो तथा धितो जमानीमा ठुलो कर्जा प्रदान गरेर आत्मनिर्भर साथै उद्यमी बनाएको छ । यस कार्यालयले हालसम्म रु २० करोड १० लाख ९७ हजार लगानी गरिसकेको छ ,जसमा लगानीमा बाँकी रहेको रकम रु ८ करोड ७५ लाख ७७ हजार रहेको छ ।

यस शाखामा सदस्यहरुले रु ३ करोड १३ लाख ७७ हजार बचत गरेका छन् । यो रकम उनीहरुले गरेको अनिवार्य बचत, ऐच्छिक बचत र दीर्घकालीन बचतको कुल योग हो ।

यस शाखामा कार्यालय प्रति फिल्ड सहायक औसत सदस्य ५६३ तथा ऋणी २८१ रहेको छ । प्रति फिल्ड कर्मचारी औसत कर्जा रु २ करोड ९१ लाख ९२ हजार रहेको छ । यस शाखामा ऋणी प्रतिशत ४९.९ प्रतिशत देखिन्छ भने बचत र ऋणको अनुपात ३५.८ प्रतिशत रहेको छ । यस अनुपातलाई बढाउँदै लैजाने दृढता कार्यालय प्रमुख गोबिन्द वि.क.व्यक्त गर्नुहुन्छ ।

यस वित्तीय संस्थाले सर्वसाधारण वा स्थानीय स्तरमा रहेका गाउँका अग्रजहरु, समाजसेवी,प्रहरी प्रशासनसंगको सहयोग, बुद्धिजीवी, शिक्षक, स्यवम् सेविकाहरुसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्पर्क तथा समन्वय गरिदै वित्तीय कारोवारलाई निरन्तरता दिदै आएको छ । कार्यालय प्रमुख गोविन्द वि.क का अनुसार केही समय अघिको विश्वव्यापी कोभिड १९को महामारीले लघुवित्त क्षेत्रमा नकारात्मक असर पारेको छ । सोही कारण सदस्यहरुको आर्थिक कारोबारलाई सही बाटामा ल्याउन निकै मिहिनेत गर्नुपर्‍यो । केन्द्रमा आइपरेका समस्याहरुलाई केन्द्रमै समाधान गरिदै आएको छ भने आवश्यकताअनुसार माथिल्लो निकायसँग सरसल्लाह लिने गरिएको छ । शाखा कार्यालय मनहरीका प्रमुख गोबिन्द वि.क.का अनुसार सम्पूर्ण कर्मचारीहरु सामुहिक उत्तरदायित्वका साथ आ आफ्नो कार्य सम्पादन गर्नुहुन्छ । दैनिक रुपमा सदस्य वृद्धिको लागि समूह प्रवेश तालिम सञ्चालन गरिँदै आएको छ । कार्यालयमा दैनिक रूपमा सदस्य लक्षित बचत, कर्जा, विप्रेषण आदि जस्ता सेवाहरु सञ्चालन गरिन्छ । मुलुकको प्रचलित कानुनबमोजिम नेपाल राष्ट्र बैंकबाट अनुमति लिएर सञ्चालनमा आएका लघुवित्त संस्थाहरुविरुद्ध बेलाबेलामा गलत सन्देश प्रवाह गर्नखोज्नेहरुलाई उचित जबाफ दिएर अघि बढ्ने चुनौती थपिएको छ । यस चुनौतीलाई हामी स्वीकार्दै समाजमा लघुवित्त कार्यक्रमको उज्यालो छवि प्रर्दशन गर्न हामी प्रयासरत छौं ।

## केन्द्र परिचयः मुस्कान महिला बचत समुह, अर्जुनधारा



प्रदेश नं.१ अन्तर्गत झापा जिल्लाको अर्जुनधारा नगरपालिका वार्ड नं ५ बैसबाडी मा महिला दिदीबहिनीहरु आबद्ध बचत समूह केन्द्रको नाम मुस्कान महिला बचत समुह हो। फरवार्ड शाखा कार्यालय विर्ताबजारदेखि ६ कि.मी. उत्तरमा यो केन्द्र रहेको छ। वि.सं.२०६४ भदौ २७ गते केन्द्र नं.२४ का रुपमा यसको स्थापना भएको हो। यस मुस्कान महिला बचत समूह केन्द्रमा २०७९ असार मसान्तसम्म यस क्षेत्रका विपन्न परिवारका २३ जना महिला दिदीबहिनीहरु आबद्ध छन्। तीमध्ये कर्जा परिचालन गर्ने ऋणी सदस्यको सङ्ख्या १८ रहेको छ। यस केन्द्रमा हाल लगानीमा बाँकी रहेको कर्जा रु. २७ लाख ५५ हजार रहेको छ।

यस केन्द्रका सदस्यहरुले औसत रु.एक लाख ५३ हजार कर्जा परिचालन गरेका छन्। सदस्य र ऋणीको अनुपात ७८ प्रतिशत रहेको छ। त्यस्तै ऋण र बचतको अनुपात ७२ प्रतिशत रहेको छ। हाल केन्द्रका २३ जना सदस्यले रु १९ लाख ९५ हजार बचत गरेका छन्। प्रति सदस्य औसत बचत रु.८७ हजार देखिन्छ। पुष्पा थारु हालसम्म सबैभन्दा बढी कर्जा परिचालन बचतकर्ता सदस्य हुनुहुन्छ। बचत गर्ने बानीले गर्दा भरअभरमा आफूलाई धेरै सहयोग मिलेको पुष्पाको अनुभव छ। उहाँको श्रीमान् राजमिस्त्री हुनुहुन्छ।

सबैभन्दा बढी कर्जा परिचालन गर्ने सदस्य सीमा राजवंसी हुनुहुन्छ। उहाँहरु फर्निचर व्यवसायमा आबद्ध हुनुहुन्छ। आफूले लिघुवित्त कार्यक्रममा आबद्ध भएपछि आफूले केही भौतिक सम्पत्ति जोडेको र परिवारकै जीवन सहज बनेको उनको अनुभव छ। आफ्नो जीवनमा आर्थिक प्रगति गर्न चाहनेले आफ्नो हैसियत र सिपअनुरुपको व्यवसाय छनौट गरी आवश्यक कर्जा वित्तीय संस्थाबाट लिन सल्लाह दिनुहुन्छ सीमा। मिहिनेत गर्नेले नै सफलता हासिल गर्ने र आर्थिक सफलता हासिल गरेपछि सामाजिक सम्मान आफैं प्राप्त हुने उहाँको विश्वास रहेको छ।

यस केन्द्रका सदस्यहरु अटो व्यवसाय किराना व्यवसाय, तरकारी खेती, पशुपालन, पसल आदि व्यवसायमा संलग्न छन्।

फिल्ड कर्मचारी अर्पणाकुमारी खाँका अनुसार सदस्यहरु निर्धारित औपचारिक पोसाकमा समयमै केन्द्रमा उपस्थित हुन्छन्। ससाना समस्याको बारेमा आपसमा सामुहिक छलफलबाट छिनोफानो गर्ने गरिन्छ। उनीहरुले सामाजिक उत्तरदायित्वको भावना बोकी कार्य गर्ने गरेका छन्। वित्तीय संस्थाको नियमानुसार यहाँ केन्द्रका पदाधिकारीहरु प्रमुख/उप प्रमुख, सचिव आदि परिवर्तन गर्ने गरिएको छ। साथै सम्पूर्ण सदस्यहरु नीतिनियमको पालन गर्दै गरेको पाइन्छ।

केन्द्र प्रमुख सुनिता थारु भन्नुहुन्छ "वित्तीय संस्थाले हामीलाई बिना धितो र आवश्यकता अनुसार धितो कर्जा उपलब्ध गराएकै कारणले हामीले आफूले चाहेको व्यवसाय गरेका छौं, यो राम्रो कुरा हो। सदस्यहरुका लागि समय अनुसारको सिपमूलक तालिम उपलब्ध गराइदिए सदस्यहरुको आर्थिक गतिविधिमा सकारात्मक परिवर्तन आउने थियो।"

# कार्यक्रम प्रगति विवरण २०७९ असार मसान्तसम्म (रु.हजारमा)

| सि.नं. | विवरण | २०७८ चैत मसान्तसम्म | २०७९ असार मसान्तसम्म |
|---|---|---|---|
| १ | जिल्ला | ४० | ४० |
| २ | गा.पा./न.पा | ५०३ | ५०३ |
| ३ | शाखा कार्यालय | १५९ | १५९ |
| ४ | केन्द्र | १८,०८६ | १८,६६४ |
| ५ | प्रदेश कार्यालय | ५ | ५ |
| ६ | कुल लगानी | ११०,३७८,८३० | ११४,४३२,५८७ |
| ७ | कुल असुली | ८९,७०९,९१९ | ९४,०३४,५८७ |
| ८ | लगानीमा बाँकी रहेको कर्जा | २०,६६६,९११ | २०,३९८,००१ |
| ९ | कुल बचत | ७,६८४,१२५ | ७,९५९,१०१ |
| १० | कुल सदस्य संख्या | २,८६,१५१ | २,८७,९५० |
| ११ | कुल ऋणी संख्या | १,५६,५०१ | १,५८,४१६ |
| १२ | कुल कर्मचारी संख्या | ८३५ | ८७४ |
| १३ | कुल महिला कर्मचारी संख्या | ४५३ | ४५७ |

## कर्मचारी तथा ग्राहक सदस्य तालिम

### २०७९ बैशाखदेखि २०७९ असार मसान्तसम्म

| क्र.सं. | तालिमको नाम | पटक | लाभान्वित |
|---|---|---|---|
| १ | कर्मचारी क्षमता अभिवृद्धि तालिम | १९ | १९८ |
| २ | ग्राहक सदस्य समूह प्रवेशपूर्व तालिम | १२९ | १५६९ |
| ३ | ग्राहक सदस्य रिफ्रेसर तालिम | ३०३ | ३७७१ |
| ४ | ग्राहक सदस्य वित्तीय साक्षरता तालिम | ५७ | ३४६४ |
| ५ | सिपमूलक तालिम | ५८ | ३१४७ |





## सफलताको कथा : मिहिनेती उषा तामाङको सफलताको कथा

कर्म गरे फल जरुर मिल्छ भन्ने उदाहरण बनेको छ जितपुर सिमरा उ मा न पा २ बस्ने सदस्य श्री उषा तामाङ्ग र उहांको पति ज्ञानबहादुर तामाङ्ग । उषालाई जिन्दगीले यहाँसम्म पुऱ्याउंछ जस्तो लागेको थिएन । विपन्न परिवारको उषाको १३ वर्ष अघि स्थानीय ज्ञान बहादुर तामाङसंग बिहे भएको थियो । उषाको पति विगत सात बर्षदेखि कुनै न कुनै पेसामा निरन्तर लागिनै रहे पनि जीविकोपार्जनको भरपर्दो स्रोत खोज्न सक्नुभएको थिएन । पछिल्लो दुई वर्षदेखि ज्ञानबहादुरले कुखुराको मासु बेचेर जीविकोपार्जन गर्दै आउनु भएको थियो । सँगसँगै फलफूल व्यापार पनि गर्दै आउनुभएको थियो । स्थायी किसिमको व्यापार गर्न पाए घरव्यवहार राम्ररी चल्ने थियो, आर्थिक अवस्था सुध्रने थियो भन्ने उहांको मनमा त थियो तर आर्थिक समस्याको कारणले हुन सकेको थिएन । केटाकेटी बढ्दै थिए, उनीहरुको लालनपालन तथा शिक्षादीक्षाका लागि समय र पैसा खर्च गर्नु उहाँहरुका लागि चुनौती नै थियो ।

त्यसै बेला उषाको पसलको छेउमा फरवार्ड माईक्रोफाईनान्सले समुह प्रवेश तालिम संचालन भइरहेको थियो । छिमेकी दिदीबाट उहाँले फरवार्डले लघुवित्त कार्यक्रम अन्तर्गत विपन्न परिवारका महिलाहरुलाई समूह सदस्य बनाएर समूह जमानीमा धितो बिना लगानी गर्ने तथा उनीहरुको ससानो बचतको सुरक्षा पनि गर्ने कुरा थाहा पाउनुभयो । यस पश्चात् घरसल्लाह गरेर उषाले पनि समूह प्रवेश पूर्व तालिम सफलतापूर्वक प्राप्त गर्नु भई केन्द्र नं. १६६ को सदस्य बन्नुभयो । श्रीमान्को सल्लाह बमोजिम रु.५० हजार कर्जा लिई चियानास्ता होटल सञ्चालन गर्न थाल्नु भयो ।

होटलबाट राम्रै आम्दानी हुन थालेपछि उषाले नियमित रुपमा किस्ता तिर्दै बचत पनि गर्न थाल्नुभयो । उहांहरुले मासु पसललाई पनि निरन्तरता दिइरहनुभएको थियो ।



त्यसपश्चात् उहाँले फेरि रु एक लाख ५० हजार कर्जा लिई व्यापारलाई विस्तार गर्न लगानी बढाउनुभयो । यस क्रममा व्यवसाय सञ्चालनमा सहयोग पुगोस् भन्नाका खातिर उहांको श्रीमान्ले दोडान अटो समेत खरिद गर्नुभएको छ । उहाँहरुले केराको व्यापारलाई पनि निरन्तरता दिइरहनुभएको छ ।

हाल उहाँले रु तीन लाख कर्जा लिई व्यापारमै लगानी गर्नु भएको छ । यस बिचमा उहाँहरुले एक कट्ठा खरिद गरी घर बनाउनुभएको छ । निकट भविष्यमा आफ्नै घरमा होटल सार्ने योजनामा हुनुहुन्छ उहाँहरु । उहाँहरुले तयार पार्नुभएको फ्रोजन मोमो काठमाडौँसम्म पठाइने गरिन्छ ।

फर्केर हेर्दा हिजो र आजको आफ्नो जीवनस्तरमा आकाशजमिनको फरक लाग्छ उषालाई । दुईछोरी र एक छोराको लालनपालन र शिक्षादीक्षामा कुनै कमी छैन । उहाँहरुको दैनिक रु. छ हजार आम्दानी हुन्छ भने रु.दुई हजारसम्म अनिवार्य बचत गर्नुभएको छ ।

उहाँहरुलाई असल र मिहिनेती व्यवसायीका रुपमा समाजमा मानप्रतिष्ठा इज्जत बढ्दा उहाँको श्रीमान् पनि खुसी हुनुहुन्छ । उहांहरु अरु सदस्यहरुलाई आफनो क्षमतालाई बुझेर लगनशील भई व्यवसाय गरेमा अवश्य सफल भइने सुझाव दिनुहुन्छ ।

साभार:
पुस्कर साह
कनिष्ठ सहायक
शाखा कार्यलय डुमरवाना,बारा

## सफलताको कथा : उर्मिलाको सङ्घर्ष

बुबाआमाको तेस्रो सन्तानको रुपमा उर्मिला विश्वकर्माको जन्म ४३ वर्षअघि ललितपुरमा भएको थियो । गाउँघरमा चेतनाको कमी अनि पारिवारिक अवस्था पनि कमजोर भएकाले पनि उहाँको विद्यालयको पढाइ कक्षा छ मै टुङ्गियो । उहाँको विवाह २० वर्षकै उमेरमा राजाराम विश्वकर्मासँग हुनपुग्यो । श्रीमान्को पुर्ख्यौली थलो काभ्रे जिल्लाको नाला भएता पनि हाल भने विगत २५ वर्षदेखि उहाँको परिवार भक्तपुरको चाँगुनारायणमा बस्दै आएको छ ।

श्रीमान्को पुर्ख्यौली व्यवसाय फलामका विभिन्न उपकरण बनाउने थियो । सामान्य रुपमा खेती किसानी र पुर्ख्यौली पेसा कुटो, कोदालो र हँसिया अरजाप्ने काम गर्दै समय बितिरहेको थियो । पुर्ख्यौली पेसालाई समयानुकूल परिवर्तन गर्दै लैजाने सोँच अनुरुप ग्रिल उद्योग खोल्ने उहाँहरुको इच्छा थियो तर रकमको अभावले केही गर्न सकिएको थिएन । आठ वर्षअघि उर्मिलाको गाउँमा फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्थाको लघुवित्त कार्यक्रम सञ्चालन भइरहेको थाहा पाउनुभयो । उहाँलाई संस्थाको नीति, नियम, संस्थाले दिने सेवासुविधा, ऋण, बचतका बारेमा जान्न मन लाग्यो । श्रीमान्बाट सकारात्मक जबाफ पाएपछि उहाँले गाउँका दिदीबहिनीहरुसँग सल्लाह गर्नुभयो । त्यसपछि फरवार्डका सरमिससँगको समन्वयमा गाउँका दिदीबहिनीहरुलाई नौ दिनसम्म तालिम दिने काम भयो । वि.सं.२०७२ मा फरवार्ड संस्थामा आबद्ध भई संस्थाको नियम अनुसार पहिलो पटक रु.५० हजार कर्जा लिई फलामको काम गर्न हतौडा, ह्याम्मर खरिद गर्नुभयो । त्यसपछि सानो टहरा बनाई आफ्नै व्यवसाय सुरु गर्नुभयो । व्यवसायलाई थप विस्तार गर्न पुन: रु.७० हजार कर्जा लिएर केही फलामका साथै वेल्डिङ मेसिन खरिद गर्नुभयो । उर्मिलाले व्यवसायको आम्दानीले कर्जाको नियमित किस्ता तिर्दै घरपरिवारको खर्च टार्दै जानुभयो । त्यसपश्चात् एक लाख कर्जा लिई व्यवसायमै लगानी गर्नुभयो ।



पुन: एक लाख ५० हजार कर्जा लिई आफू बस्ने घरको जग हाल्नुभयो । उक्त किस्ता चुक्ता भएपछि रु.एक लाख ८० हजार र त्यसपछि रु.दुई लाख कर्जा लिएर केही रकम घर निर्माणमा र केही व्यवसायमा लगानी गर्नुभयो । उहाँहरुले सुरुमा जग्गा भाडामा लिई झुपडी घरमा बस्दै आएकोमा हाल आएर आठ आना जग्गा किनी सोही जग्गामा फलाम प्रयोग गरेर दुई तल्लाको घर निर्माण गर्नुभएको छ । पछिल्लो रु.दुई लाख ५० हजार कर्जा लिई व्यवसायमै लगानी गर्नुभएको छ । व्यवसायकै आम्दानीले उहाँहरुले कर्जाको नियमित किस्ता तिर्दै बचत पनि गर्दै आउनुभएको छ । फरवार्ड शाखा कार्यालय झौखेलका प्रमुख नेत्रमणि थापा भन्नुहुन्छ, "उर्मिला दिदी एक असल ग्राहक सदस्य हुनुहुन्छ । उहाँ संस्थामा आबद्ध भएपछि कर्जाको सही सदुपयोग त गर्नुभएको छ नै, व्यवसायबाट राम्रो प्रगति पनि गरिनै रहनुभएको छ । उहाँको यही इमानदारिताको कारणले फरवार्ड वित्तीय संस्थाको नवौं वार्षिकोत्सवको अवसरमा वित्तीय संस्थाले उहाँलाई पुरस्कृत गर्दै रु.११ हजार बराबरको वेल्डिङ मेसिन किनेर उपलब्ध गराएको छ । "

नया मेसिन पाएपछि श्रीमान्ले फलामको घर बनाउने काम पनि गर्न थाल्नुभएको छ । यसका लागि फरवार्ड वित्तीय संस्थाप्रति आभार प्रकट गर्न कहिल्यै भुल्नुहुन्न उर्मिला दिदी ।

प्रस्तुति
विवेक कुमार विश्वास
शाखा कार्यालय झौखेल, भक्तपुर





## ग्राहक सदस्यका लागि बचत सुविधाहरु

| | वित्तीय सेवा | विशेषता |
|---|---|---|
| १ | समूह बचत | अनिवार्य रुपमा गर्नुपर्ने बचत |
| २ | केन्द्रकोष बचत | ऋणी सदस्यले ऋणको ५ प्रतिशतले जम्मा गर्न सक्ने बचत |
| ३ | व्यक्तिगत बचत | केन्द्र बैठकमा राख्न वा झिक्न सकिने ऐच्छिक बचत |
| ४ | बाल बचत | ग्राहक सदस्यको नाबालक सन्तानका लागि नियमित जम्मा गर्न सकिने दीर्घकालीन बचत |
| ५ | विशेष बचत | लघु उद्यमी ऋणीहरुले आकस्मिक अवस्थाका लागि गर्ने ऐच्छिक बचत |
| ६ | सजिलो बचत | सदस्यले चाहेको बेलामा कार्यालयमा पनि आएर राख्न वा झिक्न सकिने बचत |
| ७ | उपकार कोष बचत | केन्द्रको निर्णयबाट परिचालन गर्न सकिने गरी खोलिने बचत |
| ८ | दुई गुना बचत | नियमित रुपमा निश्चित रकम बचत गर्दा १५ बर्षमा दोब्बर हुने बचत |
| ९ | लखपति बचत | नियमित रुपमा निश्चित रकम तोकिएको अवधिसम्म जम्मा गर्दा बचत रकम लाखमा परिणत हुने बचत |

## ग्राहक सदस्यका लागि कर्जा सुविधाहरु

| | वित्तीय सेवा | विशेषता | | |
|---|---|---|---|---|
| अ. समुह जमानीमा दिइने कर्जाहरु | | आ. धित्तो जमानीमा दिइने कर्जाहरु | | |
| क. लघु कर्जा | | | क. समुह सदस्यका लागि | ख. गैर सदस्यका लागि |
| १ | साधारण कर्जा | आय वृद्धि गर्ने कामका लागि लिन सकिने कर्जा | | |
| २ | मौसमी कर्जा | मौसम अनुसारको आय वृद्धि गर्ने कामका लागि लिन सकिने थप कर्जा | | |
| ३ | विशेष कर्जा | विशिष्ट सदस्यले आय वृद्धि गर्ने कामका लागि लिन सकिने थप कर्जा | | |
| ४ | आकस्मिक कर्जा | आकस्मिक रुपमा आईपर्ने खाँचो टार्नका लागि लिन सकिने थप कर्जा | | |
| ५ | वैकल्पिक कर्जा | वैकल्पिक ऊर्जा (गोबर ग्याँस प्लान्ट, सोलार बिजुली जडान सुधारिएको चुलो आदि) प्रयोग गर्न लिन सकिने थप कर्जा | | |
| ६ | घर निर्माण तथा मर्मत कर्जा | घर बनाउन, मर्मत गर्न, चर्पी तथा धारा बनाउन लिन सकिने कर्जा | | |
| ख. लघु व्यवसाय कर्जा | | | | |
| | लघु उद्यम कर्जा | लघु उद्यमी सदस्यहरुलाई लघु व्यवसाय सञ्चालनका लागि उपलब्ध गराइने कर्जा | | |
| | रोजगार व्यवसाय कर्जा | एकाघरका सदस्यलाई रोजगार बनाउन आवश्यक पर्दा उपलब्ध गराइने कर्जा | | |

प्रकाशक:- फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., के.का. दुहबी, सुनसरी फोन नं. ०२५-५४००१८